अपि पावर कम्पनी लिमिटेड
API POWER COMPANY LIMITED

ANNUAL REPORT 2072/2073

१३ औं वार्षिक प्रतिवेदन
आ.व. २०७२/२०७३



अपि पावर कम्पनी लिमिटेड

सञ्चालक समिति



गुरु प्रसाद न्यौपाने
अध्यक्ष

संजिव न्यौपाने
कार्यकारी सञ्चालक

महेन्द्र न्यौपाने
सञ्चालक

सतिश न्यौपाने
सञ्चालक

इन्द्रमणि त्रिताल
सञ्चालक (सर्वसाधारण)

भरत बहादुर खत्री
सञ्चालक (सर्वसाधारण)

सृजना दंगाल
कम्पनी सचिव

अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री संञ्चालक समिति,

अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।

महाशय,

.....जिल्ला ..... न.पा/गा.वि.स. वडा न. ..... बस्ने म/हामी .....ले त्यस सस्थाको सेयरधनीको हैसियतले मिति २०७३ साल भदौ १८ गते शनिबारका दिन हुने तेह्रौं वर्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ..... जिल्ला ..... न.पा./गा.वि.स. बस्ने त्यस संस्थाका सेयरधनी श्री ..... सेयर प्रमाण पत्र नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

प्रतिनिधि हुनेको		**प्रतिनिधि नियुक्त**	
नाम	:	नाम	:
दस्तखत	:	दस्तखत	:
प्रमाण पत्र नं.	:	प्रमाण पत्र नं.	:
सेयर संख्या	:	सेयर संख्या	:
मिति	:	मिति	:

दृष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

प्रवेश-पत्र

सेयरधनीको नाम :

प्रमाण पत्र नं. :

कुल सेयर संख्या :

सेयरधनीको सही :

कम्पनी सचिव

२०७३/०४/२५

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध छ ।)

अपि पावर कम्पनी लिमिटेडसँग सम्बन्धित आयोजनाहरू

1. **Upper Chameliya** Project (40.0 MW)
2. **Upper Naugad** Project (8.0 MW)
3. **Naugad Gad** Project (8.0 MW)
4. **Trisuh Galchi** Project (75.0 MW)
5. **API Hydromechani** Company Ltd.
6. **Arun Kabeli** Project (25.0 MW)

विषयसूची

कम्पनीको परिचय	०१
तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना	०२
साधारणसभासम्बन्धी जानकारीहरू	०३
अध्यक्षको मन्तव्य	०४
कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन	०६
सेयरको बजार मूल्य	०७
कम्पनीको सेयरको बनोट	०८
कम्पनीका भावी योजना तथा कार्यक्रम	०९
नौगाड जलविद्युत परियोजनाका तस्बिरहरू	१५
Salient Features of Upper Naugadh Hydropower Project (8MW)	१८
Salient Features of Upper Chameliya Hydropower Project (40MW)	१९
लेखा परीक्षकको प्रतिवेदन	२०
वासलात	२१
नाफा नोक्सान हिसाब	२२
नगद प्रवाह विवरण	२३
ईक्वीटीमा भएको परिवर्तन	२४
अनुसूचीहरू	२५
ग्राफहरू	३३

माथिल्लो नौगढ जलविद्युत आयोजना

केही झलक

कम्पनीको परिचय

अपि पावर कम्पनी लिमिटेड नेपालमा जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले वि.सं. २०६० साल असार ५ गते प्राइभेट लिमिटेड कम्पनीका रूपमा स्थापना भएको हो । वि.सं. २०७० साल साउन ४ मा यसलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ । नेपालमा प्रचुर सम्भावना रहेको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रूपमा आफूलाई स्थापित गर्न यस कम्पनीले नयाँ आयोजनाहरूको पहिचान गरी निर्माण कार्य गरिरहेको छ ।

नेपालको जल उर्जा एवं अन्य वैकल्पिक उर्जाको प्रचुर संभावना रहेका छन् । उक्त अवसरहरूलाई मध्यनजर गरी वि.स. २०६० सालमा यस अपि पावर कम्पनीको स्थापना भएको हो । जलविद्युत आयोजनामा सर्बसाधारणको लगानीको व्यवस्था गर्न यस कम्पनीले सर्बसाधारणका लागि सेयर निष्काशन गरी उक्त सेयरहरू नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गराएको छ ।

यस कम्पनीले पहिलो परियोजनाको रूपमा दार्चुला जिल्लामा ८.५ मे.वा. क्षमताको नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण पूरा गरी सञ्चालन गरिरहेको छ । ८ मे.वा. क्षमताको माथिल्लो नौगड गाढ साना जलविद्युत आयोजना हाल निर्माणधिन रहेको छ । ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गर्ने कार्य भईरहेको छ । अन्य आयोजनाहरूमा ७५ मेगावाट क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजनाको निर्माणका लागि पनि यस कम्पनीले कार्य गरिरहेको छ । कम्पनीमा २०७३ साल साउन २५ गतेसम्ममा जम्मा १,५१,५८४ सेयरधनीहरू रहनु भएको छ । संस्थापक सेयरधनीहरू १,०६४, स्थानीय लगानीकर्ताहरू १,९०४ र सर्बसाधारण सेयरधनीहरू १,४८,५७५ रहेको यो नेपालको एक ठूलो लगानीकर्ताहरूको प्रिय कम्पनी बनेको छ ।

कम्पनीमा दक्ष कामदारहरू एवम् प्राविधिकहरू रहेका छन् । कम्पनीले जलविद्युत आयोजनाका साथै सोलार प्रविधिबाट पनि उर्जा निकाल्न अध्ययन गरिरहेको छ । सुदूर पश्चिमाञ्चल विकास क्षेत्र विकासका कैयौं सम्भावना बोकेको क्षेत्र हो । कम्पनीले यस क्षेत्रमा जडिबुटी प्रशोधन, सिमेन्ट कारखाना निर्माणलगायतका अन्य विकासका आयोजनाहरूको लागि पहल गरिरहेको छ । कम्पनीले नयाँ-नयाँ आयोजनाहरूको निर्माण गर्दै आफ्ना सेयरधनीहरूलाई बढीभन्दा बढी मुनाफा दिने योजनाका साथ कार्य गरिरहेको छ ।

माथिल्लो नौगाड जलविद्युत आयोजनाको बाँधस्थल
Proposed Intake of Upper Naugadh Hydroelectric Project

Api Power Company Limited
अपि पावर कम्पनी लिमिटेडको

तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७३/०४/२५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको तेह्रौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारणसभा हुने मिति, समय र स्थान

मिति : २०७३ भदौ १८ गते शनिबार (**3rd September, 2016**)
स्थान : ट्रेड टावर बिजनेस सेन्टर, थापाथली, काठमाडौं ।
समय : दिनको ११:०० बजे ।

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. कम्पनीको आर्थिक वर्ष २०७२/७३ को खुद मुनाफाबाट ५ प्रतिशत (करबाहेक) बोनस सेयर वितरण प्रवाह गर्ने सम्बन्धमा ।

(ग) विविध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
सिर्जना दंगाल
२०७३/०४/२५

साधारणसभा सम्बन्धी जानकारीहरू

१) साधारणसभामा उपस्थित हुने सेयरधनीहरूले अनिवार्य रूपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो सेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटोसहितको कुनै प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारणसभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिने छ ।

२) सेयरधनीहरूको दस्तखतको लागि सेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेबाट खुल्ला गरिने छ ।

३) साधारणसभा प्रयोजनका लागि २०७३ साल भदौ १ गतेदेखि भदौ १८ गतेसम्म सेयरको दर्ता किताब बन्द रहनेछ । साउन ३१ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटटडमा कारोवार भई ७ कार्य दिन २०७३ भदौ १२ गते आइतबारभित्र दाखिल खारेजका लागि प्राप्त सेयरहरूबाट कायम रहेका सेयरधनीहरू सभामा भाग लिन योग्य हुने छन् ।

५) साधारणसभामा भाग लिन आफनो प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रंतिवदन पुस्तिकाअनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नं पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नं भएका सेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

६) एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा सेयर दर्ता रहेका अवस्थामा सर्बसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले सेयर खरीद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सकिने छ ।

७) कुनै सेयरधनी महानुभावहरूले छलफलका विषयहरूमध्ये विविध शीर्षकअन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनभन्दा ७ कार्यदिन अगावै कम्पनी सचिवमार्फत संञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्ने छ । तर त्यस्ता प्रस्ताव साधारणसभामा छलफल वा बहसको रूपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

८) तेह्रौ वार्षिक साधारणसभासम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीका लागि कम्पनीको वेब साईट www.apipower.com.np बाट प्राप्त गर्न सकिने छ ।

अध्यक्षको मन्तव्य

आदरणीय सेयरधनी महानुभावहरू,

अपि पावर कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारणसभामा उपस्थित हुनु भएका सम्पूर्ण सेयरधनी महानुभावहरूमा सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । कम्पनीको यस तेह्रौ वार्षिक साधारणसभामा उपस्थित भएर कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

नेपालमा छरिएका साना-साना लगानीहरूलाई एकत्रित गर्दै देशमा जलविद्युत आयोजनाहरू निर्माण गरी सुसञ्चालन गर्दै देशमा विद्युतको माग परिपूर्ति गर्न सहयोग गर्ने उद्देश्यले वि.सं. २०६० असार ५ गते अपि पावर कम्पनी प्राइभेट लिमिटेडको स्थापना भएको हो । २०७० साल साउन १० गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई व्यापक जनताको सहभागिताबाट लगानी संकलन गरी जलविद्युतको विकास गर्ने कार्य गरिरहेको छ ।

अपि पावर कम्पनीको पहिलो परियोजनाको रूपमा महाकाली अञ्चलको दार्चुला जिल्लामा बहिरहेको नौगड गाड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगढ गाड जलविद्युत आयोजनाको निर्माण २०७२ साल साउन महिनामा सम्पन्न भई २०७२ साल भदौ २ गतेदेखि व्यावसायिक उत्पादन गरिरहेको छ । आयोजनाबाट उत्पादित विद्युतशक्ति दार्चुला जिल्लामा अवस्थित बलाच सबस्टेसनमा जडान गरिएको छ । यस आयोजनाबाट उत्पादित विद्युत शक्ति १३२ के.भी. ट्रान्समिशन लाइनबाट प्रशारण गराउने सम्झौता भए पनि हालसम्म पनि उक्त प्रशारण प्रणाली संचालनमा नआइसकेकोले आजका मितिसम्म पनि हामी ३३ के.भि प्रशारण लाइनमार्फत बलाचबाट अत्तरिया सम्म विद्युत प्रवाह गराउन बाध्य भएको जानकारी गराउँदछु । १३२ केभि ट्रान्समिशन लाइन चालु नभएको कारणले कम्पनीले उत्पादन गरेको ठूलो परिमाणमा विद्युतशक्ति राष्ट्रिय ग्रिडमा प्रवाह हुन नसकेको परिमाणस्वरूप कम्पनीलाई सोचेअनुरूप आम्दानी प्राप्त भएको छैन । हामीले छिट्टै यो आयोजनाबाट उत्पादित विद्युत शक्ति १३२ के. भि. ट्रान्समिसन लाइनबाट प्रवाह गर्न सक्ने विश्वास लिएका छौं ।

नौगड गाड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत् शक्तिले सुदूरपश्चिमका पहाडी जिल्लाहरू क्रमशः दार्चुला, बैतडी, डडेलधुरा, अछाम, डोटी, वझाङ र वाजुरामा लोडसेडिङ न्यून भएको छ । यो हाम्रो लागि निकै ठूलो सफलता हो । यस हिसाबले ती क्षेत्रहरूमा आउने दिनहरूमा उद्योग, कलकारखाना एवं अन्य आयमूलक कार्यक्रमहरू विस्तार हुनेमा म विश्वस्त छु ।

यहाँहरूको सदभाव तथा कर्मचारी साथीहरूको कठिन परिश्रमले १७ महिनामा नौगड गाड जलविद्युत आयोजना तयार गरी संचालन गर्न सकिएकोले हामीमा उत्साह थपिएको छ । आगामी परियोजनाहरू पनि यसै प्रकारले निर्माण गरी सेयरधनीहरूलाई बढीभन्दा बढी मुनाफा दिन सकिने कुरामा म विश्वस्त रहन आग्रह गर्दछु । यस वर्ष ८ मेगावाट क्षमताको माथिल्लो नौगड गाड जलविद्युत आयोजनाको निर्माण कार्य भइरहेको छ । यो आयोजना पनि तोकिएको समयमा निर्माण पूरा गरी देशलाई विद्युत र लगानीकर्ताहरूलाई थप प्रतिफल उपलब्ध गराउने छौं ।

यस आयोजनाबाट वार्षिक ५ करोड १९ लाख ३४ हजार ९ सय ३९ किलोवाट घण्टा विद्युतशक्ति उत्पादन हुने प्रक्षेपण गरिएकोमा प्रशारण लाइन तथा यस वर्षको सुख्खा खडेरीको बाबजुद यस आर्थिक वर्षको १० महिनामा ७० प्रतिशत मात्र विद्युत प्रवाह गर्न सकिएको छ ।

आर्थिक वर्ष २०७२/७३ को लेखा परिक्षणपश्चात् कम्पनी खुद मुनाफा रु. ६.७२ करोड रहेकोले यस वर्ष सेयरधनी महानुभावहरूलाई ५ प्रतिशतका दरले (कर बाहेकको) लाभांश उपलब्ध गराउन सकिने देखिएको कुरा जानकारी गराउँछौं । परियोजना सम्पन्न भएको आर्थिक वर्ष देखिनै लाभांश उपलब्ध गराउन सक्षम हुनु कम्पनी र सेयर धनीहरूका लागि सुखद् समाचार हो ।

अपि पावर कम्पनीको सेयर बिक्रम सम्बत २०७२ साल मंसिर २ गते नेपाल स्टकमा सूचीकृत भई कारोबार भइरहेको छ । सूचीकृत हुँदा कम्पनीको सेयरको मूल्य रु. ३१३।- कायम भई कारोवार सुरु भएकोमा विभिन्न उतार चढाव पश्चात यो प्रतिवेदन लेखन गर्दा अर्थात्

२०७३ साउन २५ गते कम्पनीको सेयरको बजार मूल्य रु. ८०१।- कायम रहेको छ । यसले हामी सबै लगानीकर्तालाई उत्साहित बनाएको छ । आगामी दिनहरूमा नेपालको सेयर बजारमा उच्च मूल्य कायम हुने कम्पनी बनाउने हाम्रो प्रयास रहनेछ ।

नौगड गाड जलविद्युत आयोजना निमार्णका लागि नेपाल बैंक लिमिटेडको अगुवाइमा बनेको कन्सोर्टियममार्फत लिएको रु. ऋणको तीन किस्ता भुक्तानी गरिएको छ । यसपछि बैंक ऋण क्रमशः कम हुँदै गई २०७३ असार मसान्तमा रु. ७५.१७ करोड रहेको छ । कम्पनीको चुक्ता पूँजी रु. १०० करोडमध्येबाट रु. ६७ करोड नौगड गाड आयोजनामा लगानी भएको छ भने रु. ५ करोड अरुण काबेली जलविद्युत आयोजनामा, रु. ६.७ करोड अपि हाइड्रोमेकानिकल कम्पनीको सेयरमा, रु. २.२१६ करोड सिद्धकाली पावर लिमिटेडको सेयरमा लगानी गरिएको तथा बाँकी माथिल्लो नौगड गाड आयोजनाको निर्माणमा लगानी गरिएको छ । माथिल्लो नौगढगाड परियोजनाको विस्तृत डिजाइन भारतको नयाँ दिल्लीस्थित AVA Hydropower Consultant कम्पनीले गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

सेयरधनी महानुभावहरू,

नयाँ आयोजनाहरूको विकास गर्ने क्रममा यसै वर्ष २०७२/१२/२५ मा सम्पन्न भएको विशेष साधारणसभाले निर्णय गरेबमोजिम वागमती अञ्चलको रसुवा, नुवाकोट र धादिङ जिल्ला भएर वहने त्रिशुली नदीमा सिद्धकाली पावर लिमिटेडले पहिचान गरी अगाडि बढाएको ७५ मेगावाट क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजनाको सेयरमा लगानी गरी विकास गर्ने क्रममा रहेका छौं । यस आयोजनाको लागि नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति प्राप्त गरी विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गर्न सफल भएका छौ । यो आयोजनाको यसै वर्षदेखि निर्माण कार्य सुरु हुनेछ । यस आयोजनामा कम्पनीले आफ्नो बहुमत सेयर त्यहाँ लगानी गर्नेछ ।

हाल ८.५ मेगावाट विद्युत उत्पादन गरिरहेको कम्पनीले थप ८ मेगावाट विद्युत उत्पादन गर्ने माथिल्लो नौगढ गाड तथा यस ७५ मेगावाटको त्रिशुली गल्छी गरी जम्मा ९१.५ मेघावाट विद्युत गृह संचालन गर्ने कम्पनी हुनेछ । यो आयोजना सम्पन्न गरेपछि अपि पावर लिमिटेड नेपालको एक ठूलो कम्पनी हुनेछ ।

कम्पनीको कार्यमा विविधीकरण गर्दै लैजाने योजना रहेको छ । यसअन्तर्गत आगामी वर्षमा सोलार प्रणालीवाट विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा आपूर्ति गर्ने कार्यलाई समावेश गरेका छौं । परिणामत यसै वर्ष विद्युत प्राधिकरणले आव्हान गरेको विभिन्न २२ स्थानवाट ६४ मेगावाट ग्रिड कनेक्सन सोलार ऊर्जा कार्यक्रमको बोलपत्र टेन्डरमा हाम्रो उत्साहजनक सहभागिता रहेको थियो । कम्पनीलाई नेपाल विद्युत प्राधिकरणबाट १९.५ मेगावाटको सोलार जडान सम्बन्धि टेन्डर परेको र यही आर्थिक वर्षभित्र यो आयोजना सफल रूपमा संचालन गर्ने उद्देश्य हामीले लिएका छौं । हावाबाट विद्युत उत्पादन गर्न सकिने बारेको सम्भाव्यता अध्ययन गर्ने काममा पनि हामीहरू लागिपरेका छौं । आशा छ यस काममा पनि सेयरधनी महानुभावहरूको उत्साहजनक सहभागिता रहने छ ।

अपि पावर कम्पनीले ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको सर्भेक्षण अनुमति पत्र प्राप्त गरी आयोजनाको बातावरणीय प्रभाव र संभाव्यता अध्ययन कार्यका लागि भारतको नोयडामा कार्यालय रहेको AVA Hydropower Consultant ले कार्य गरिरहेको छ । यो आयोजना पनि कम्पनीले आफ्नै श्रोत परिचालन गरी निर्माण गर्ने सोचका साथ कार्य गरिरहेका छौ । हामी यस कम्पनीलाई नेपालको सबैभन्दा ठूलो र मुनाफादायी कम्पनी बनाउने सोच लिई मेहनतका साथ कार्य गरिरहेका छौ । म आजको यस साधारणसभाबाट कम्पनीको बारे सकारात्मक प्रचार गरी आउने दिनहरूमा अझ बढी सहयोग गरिदिनु हुनेछ भन्ने अनुरोधसमेत गर्न चाहन्छु ।

कम्पनीलाई आजको यस अवस्थामा पुऱ्याउन सहयोग गर्नुहुने सेयरधनी महानुभावहरू, वित्तीय सहयोग गर्ने बैंकहरू, सिभिल निर्माणको कार्य गर्ने श्री मकालु डेभलपर्स लिमिटेड, हाइड्रोमेकानिकल कार्य सम्पन्न गर्ने अपि हाइड्रोमेकानिकल कम्पनी लि., इलेक्ट्रोमेकानिकल उपकरणहरू जडान गर्ने Andritz Hydro Pvt. Ltd., नेपाल विद्युत प्राधिकरण, उर्जा मन्त्रालय तथा कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो उद्देश्य भनेको यो कम्पनीलाई नेपालको सबैभन्दा ठूलो जलविद्युत विकास कम्पनी बनाउने नै हो । यो यात्रामा सम्पूर्ण सेयरधनी महानुभावहरू, कर्मचारी एवंम् अन्य सम्पूर्ण सरोकारवालाहरूले साथ दिनुहुने छ भन्ने विश्वास समेत लिएको छु ।

आफ्नो व्यस्त कार्यक्रमको बाबजुद पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा सेयरधनी महानुभाव, पत्रकार मित्रहरूलाई धन्यवाद दिँदै सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।
(गुरुप्रसाद न्यौपाने)
अध्यक्ष

आर्थिक वर्ष २०७२/०७३

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

अपि पावर कम्पनी लिमिटेड विक्रम सम्बत २०६० साल असार ५ गते प्राइभेट लिमिटेड कम्पनीको रूपमा स्थापना भई मिति २०७० साल साउन १० गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो । कम्पनीले महाकाली अञ्चलको दार्चुला जिल्लामा वहने नौगाड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण गर्न उर्जा मन्त्रालयबाट अनुमतिपत्र प्राप्त गरी नेपाल विद्युत प्राधिकरणसँग मिति २०६७ साल वैशाख १९ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरेको थियो । कम्पनीले विद्युत उत्पादनको अनुमतिपत्र मिति २०६९ असार ३१ मा प्राप्त गरी आयोजनाको निर्माण कार्य सुरू गरेको थियो । कम्पनीसँग सम्बन्धित महत्वपूर्ण मिति तल उल्लेख गरिएको छ ।

कम्पनी स्थापना भएको मिति	: २०६०/०३/०५
पब्लिक लिमिटेडमा परिणत	: २०७०/०४/१०
कम्पनीको दर्ता नं.	: ११४४७/०५९/०६०
उद्योग दर्ता नं.	: १३८४/८४/०६८/०६९
कम्पनीको पान नं.	: ३०१४४२९१२
विद्युत खरिद बिक्री सम्झौता भएको मिति	: २०६७/०१/१९
स्थानिय वासिन्दालाई सेयर बाँडफाँट मिति	: २०७१/१२/०४
परियोजना निर्माण सम्पन्न मिति	: २०७२/०३/२९
व्यवसायिक उत्पादन सुरु भएको मिति	: २०७२/०५/०२
सर्वसाधारणलाइ सेयर बाँडफाँड मिति	: २०७२/०५/१५
शेयर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत मिति	: २०७२/०७/२३
बजारमा सेयर खरीद बिक्री सुरु भएका मिति	: २०७२/०८/०२
प्रथम विशेष साधारणसभा सम्पन्न भएको मिति	: २०७२/१२/२५
विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरेको मिति	: २०६९/०३/३१
अनुमतिपत्र वहाल रहने अवधि	: २१०४/०३/३०

सेयरको बजार मूल्य

मिति २०७२ मंसीर २ गतेबाट कम्पनीको सेयर नेपाल स्टक एक्सचेन्जमा कारोवार सुरू भएको हो । कारोवार सुरू हुँदा प्रति सेयरको मूल्य रू ३०१/- बाट सुरू भएको थियो । सो मूल्यमा वृद्धि हुँदै गएर यो प्रतिवेदन तयार गर्दाका अवस्थामा अर्थात् २०७३ साउन २५ गतेका दिन रू.८०१/- मा खरिद बिक्री भएको छ ।

कम्पनीको सेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भएपश्चात आजका मितिसम्म सेयरको कारोबारको बजार मूल्य तालिका र लेखाचित्र बनाई प्रस्तुत गरिएको छ ।

Date	Market Price
2072 Mangsir 02	307
2072 Mangsir 15	400
2072 Mangsir 30	391
2072 Poush 16	370
2072 Poush 30	390
2072 Magh 17	432
2072 Magh 28	540
2072 Falgun 16	474
2072 Falgun 30	747
2072 Chhaitra 15	630
2072 Chhaitra 30	658
2073 Baishak 15	625
2073 Baishak 30	677
2073 Jestha 16	670
2073 Jestha 30	780
2073 Ashad15	855
2073 Ashad 30	843
2073 Shrawan 13	855
2073 Shrawan 25	801

कम्पनीको परिचयपछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७२/०७३ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखा परीक्षण भएका वित्तीय विवरणहरू सभासमक्ष छलफल तथा अनुमोदनको लागि प्रस्ताव प्रस्तुत गर्दछु ।

(१) विगत वर्षको कारोबारको सिंहावलोकन

(क) कम्पनीको सेयर पूँजी तथा सञ्चिती :

विवरण	यस वर्ष (रू.) आ.व २०७२।७३	गत वर्ष (रू.) आ.व २०७१। ७२
सेयर पूँजी	१,०००,०००,०००।-	७१५,०००,०००।-
जगेडा कोष तथा सञ्चित नाफा	८०८२९७२६।-	(१३,६४१,१२५)
जम्मा पूँजी	**१,०८०,८२९,७२६।-**	**७०१,३५८,८७४।-**

(ख) अपि पावर कम्पनी लिमिटेडको सेयरको बनौट

क्र.सं.	विवरण	रकम (रू.)	सेयरधनी संख्या	बाँडफाँड मिति
१.	संस्थापक	६००,०००,०००।-	१,०६४	-
२.	स्थानीय	१००,०००,०००।-	१,९०४	२०७१/१२/०४
३.	सामुहिक लगानीकर्ता	१५,०००,०००।-	६	२०७२/०३/१४
४.	कर्मचारी	९,०००,०००।-	३५	२०७२/०५/१५
५.	सर्वसाधारण	२७६,०००,०००।-	१४८,५७५	२०७२/०५/१५
	जम्मा	**१,०००,०००,०००।-**	**१५१,५८४**	





(२) कम्पनीको भावी योजना एवं कार्यक्रम

क. माथिल्लो नौगड गाढ साना जलविद्युत आयोजना (८.० मेगावाट)

नौगढ गाड नदी

यस अपि पावर कम्पनीले दार्चुला जिल्लाको देथला, धुलिगाडा र शिखर गाविस भएर बहने नौगाढ नदीमा ८.० मे.वा. क्षमताको माथिल्लो नौगढ गाड जलविद्युत आयोजनाको निर्माण कार्य सुरु गरिसकेको छ । यस आयोजनाको नेपाल विद्युत प्राधिकरण सँग ग्रिड कनेक्सन सम्झौता सम्पन्न भई विद्युत खरिद-विक्री सम्झौताको मस्यौदामा दस्तखत भैसकेको छ र विद्युत खरिद विक्री सम्झौता हुने अन्तिम चरणमा रहेको छ । यस आयोजनाको कन्स्ट्रक्सन डिजाइनको काम भारतीय कम्पनी ए.भि.ए. हाइड्रोपावर कन्सल्टेन्टबाट भइरहेको छ । यस आयोजनालाई आवश्यक पर्ने सम्पूर्ण जग्गा खरिद भइसकेको छ र हाल पुर्वाधार निर्माणको कामहरू भइरहेको छ । यसमध्ये परियोजना सडक, क्रसर जडान र स्टाफ क्वाटर निर्माणको काम जारी छ । साथै हेडरेस र पेनस्टक पाइपको लागि आवश्यक पर्ने फलामे पाता खरिद प्रक्रिया जारी छ । प्रमुख संरचनाको कामहरू यही असोज महिनाबाट सुरु गरी यस आयोजनालाई पनि पहिलेको आयोजना जस्तै १७ महिनामा सम्पन्न गर्ने लक्ष्य राखेको छ । आयोजनाबाट वार्षिक ४,८७,०१,८७२ युनिट विजुली उत्पादन हुने अनुमान रहेको छ । आयोजनाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको बलाँचमा रहेको सबस्टेसनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ ।

आयोजनाका मुख्य रूपरेखाहरू

स्थान	: देथला, धुलिगाडा र शिखर गाविस, दार्चुला जिल्ला
आयोजनाको प्रकार	: रन-अफ-रिभर
डिजाइन डिस्चार्ज	: ६.४३ घ.मि. प्रति सेकेन्ड
जम्मा हेड	: १६३.४४ मिटर
नेट हेड	: १४२.८५ मिटर
आयोजनाको क्षमता	: ८ मे.वा.
वार्षिक उत्पादन	: ४,८७,०१,८७२ युनिट
हेडरेस पाइपको लम्बाई	: ५१५० मिटर
पाइपको ब्यास	: १.८ मिटर
मौने खोलाको हेडरेस पाइपको लम्बाई	: १२३६ मिटर
पेनस्टक पाइपको लम्बाई	: २३३ मिटर
टर्बाइनको प्रकार	: फ्रान्सिस, २ युनिट
ट्रान्समिसन लाइन लम्बाई	: ७ कि.मि.
आयोजनाको अनुमानित लागत	: १४४ करोड
अनुमतिपत्र वहाल रहने अवधि	: १४४ करोड

परियोजना सडक निर्माण कार्य

नेपाल विद्युत प्राधिकरणसँग ग्रिड कनेक्सन सम्झौता हुँदै

ख. माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट)

यस अपि पावर कम्पनीले दार्चुला जिल्लाको तपोवन, गुल्जार र लटिनाथ गाविस भएर बहने चमेलिया नदीमा ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको पहिचान गरी विद्युत विकास विभागबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेको छ । आयोजनाको टोपोग्राफिक सर्भेको काम सम्पन्न भइसकेको छ र हाल इञ्जिनियरिङ्ग अध्ययन तथा प्रतिवेदन तयारीको काम जारी छ । यस आयोजनाको संम्भाव्यता अध्ययनको काम भारतीय कम्पनी ए.भि.ए. हाइड्रोपावर कन्सल्टेन्टबाट भइरहेको छ र वातावरणीय प्रभाव मूल्याङ्कनको काम इन्भाइरोमेन्टल सर्भिस नेपालबाट भइरहेको छ। यस आयोजनालाई आगामी ३ वर्षमा सम्पन्न गर्ने लक्ष्य कम्पनीले राखेको छ । आयोजनाबाट वार्षिक २५,३०,५७,२७९ युनिट विजुली उत्पादन हुने अनुमान रहेको छ । आयोजनाबाट उत्पादित विजुली नेपाल विद्युत प्राधिकरणको बलाँचमा रहेको सबस्टेसनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ ।

आयोजनाका मुख्य रूपरेखाहरू

स्थान	: तपोवन, गुल्जार र लटिनाथ गाविस, दार्चुला जिल्ला
आयोजनाको प्रकार	: रन-अफ-रिभर
डिजाइन डिस्चार्ज	: २२.७९ घ.मि. प्रति सेकेन्ड
ग्रस हेड	: २१५.०० मिटर
आयोजनाको क्षमता	: ४० मे.वा.
वार्षिक उत्पादन	: २५,३०,५७,२७९ युनिट
हेडरेस टनेलको लम्बाई	: ५००० मिटर
पाइपको व्यास	: ३.५ मिटर
पेनस्टक पाइपको लम्बाई	: ४५० मिटर
टर्बाइनको प्रकार	: फ्रान्सिस, २ युनिट
ट्रान्समिसन लाइन लम्बाई	: १६ कि.मि. (१३२ के.भि.)
आयोजनाको अनुमानित लागत	: रु ६५० करोड

चमेलिया नदी

माथिल्लो चमेलिया आयोजनाको पावरहाउस स्थल

माथिल्लो चमेलिया आयोजनाको बाँधस्थल

ग. त्रिशुली-गल्छी जलविद्युत आयोजना (७५ मेगावाट)

अपि पावर कम्पनीले नुवाकोट र धादिङ जिल्ला भएर बहने त्रिशुली नदीमा निर्माण हुने ७५ मे.वा. क्षमताको त्रिशुली-गल्छी जलविद्युत आयोजनाको लागि सिद्धकाली पावर लिमिटेडको बहुमत सेयरमा लगानी गर्ने निर्णय गरेको छ । सिद्धकाली पावर लिमिटेड कम्पनीले यो आयोजनाको पहिचान गरी सम्पूर्ण अध्ययनको काम गरेको छ । उक्त आयोजनाको नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद-बिक्री सम्झौता सम्पन्न भइसकेको छ । यस आयोजनाको संम्भाव्यता अध्ययनको काम भारतिय कम्पनी डिजाइन ग्रुप प्रोजेक्ट कन्सलटेन्टबाट भइसकेको छ र

त्रिशुली नदी

तस्विर : ने.वि.प्रा.सँग विद्युत खरिद सम्झौता हुँदै

कन्स्ट्रक्सन डिजाइनको काम भारतीय कम्पनी स्ट्राटा एण्ड स्ट्रक्चर्सबाट भइरहेको छ । हाल आयोजनालाई आवश्यक पर्ने जग्गा खरिदको काम भइरहेको छ । प्रमुख संरचनाको कामहरू २०७३ मंसिर महिनाबाट सुरु गरी यस आयोजनालाई आगामी ३.५ वर्षमा सम्पन्न गर्ने लक्ष्य कम्पनीले राखेको छ। आयोजनाबाट वार्षिक ४२,९७,८१,१५२ युनिट विजुली उत्पादन हुने अनुमान रहेको छ । आयोजनाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको मर्स्याङदी जलविद्युत आयोजनामा रहेको सबस्टेसनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ ।

आयोजनाको विद्युतगृह रहने ठाउँ

आयोजनाका मुख्य रूपरेखाहरू

स्थान	: नुवाकोट र धादिङ जिल्ला
आयोजनाको प्रकार	: रन-अफ-रिभर
डिजाइन डिस्चार्ज	: १७६ घ.मि. प्रति सेकेन्ड
जम्मा हेड	: ६० मिटर
नेट हेड	: ५० मिटर
आयोजनाको क्षमता	: ७५ मे.वा.
वार्षिक उत्पादन	: ४२,९७,८१,१५२ युनिट
टनेलको लम्बाई	: ८००० मिटर
टनेलको ब्यास	: ८ मिटर
पेनस्टक पाइपको लम्बाई	: ८० मिटर
पेनस्टक पाइपको ब्यास	: ६.२५ मिटर
टर्बाइनको प्रकार	: फ्रान्सिस, २ युनिट
ट्रान्समिसन लाइन लम्बाई	: ४२ कि.मि.
आयोजनाको अनुमानित लागत	: १४०५ करोड

(३) चालु आर्थिक वर्षको उपलब्धि

कम्पनीले नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट) को नेपाल विद्युत प्राधिकरणसँग भए बमोजिम विद्युत खरिद बिक्री सम्झौताअनुरूप हालै निर्माण कार्य सम्पन्न गरी उक्त आयोजना सञ्चालन भई व्यापारिक उत्पादन गरिरहेको छ ।

(४) कम्पनीको व्यावसायिक सम्बन्ध

कम्पनीको व्यावसायिक सम्बन्ध मूलतः विद्युत उत्पादनसम्बन्धी अनुमतिपत्र प्रदान गर्ने उर्जा मन्त्रालय र सो मन्त्रालयसँग आबद्ध विद्युत विकास विभाग तथा विद्युत खरिद गर्ने नेपाल विद्युत प्राधिकरण र आयोजना निर्माणमा वित्तीय सहयोग प्रदान गर्ने नेपाल बैंक लिमिटेड, प्राईम कर्मसियल बैंक लिमिटेड, ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, नेपाल एस.बि.आई. बैंक लिमिटेड तथा बैंक अफ काठमाडौं लिमिटेडलगायत बाणिज्य बैंकहरूसँग रहको छ । साथै नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लि. तथा एन.आई.बि.एल. क्यापिटल मार्केटस् लिमिटेडसँग पनि सुमधुर सम्बन्ध रहेको छ। आयोजना क्षेत्रका स्थानिय सरकारी निकाय तथा सरोकारवालाहरूसँग सुमधुर सम्बन्ध रहेको छ ।

(५) सञ्चालक समिति

कम्पनीको नियमावलीअनुसार यस कम्पनीमा ७ जना सञ्चालकहरू रहने व्यवस्था छ । सञ्चालक समितिको सदस्यको कार्यकाल ४ वर्षको हुने प्रावधान छ । कम्पनीको सेयर सर्बसाधारणमा निष्काशन भएपछि संस्थापक समूहबाट ४ जना, सर्बसाधारण समूहबाट २ जना संञ्चालक र स्वतन्त्रबाट एक जना संञ्चालक रहने व्यवस्था छ । २०७२ साल पुस ३० गते सम्पन्न भएको बाह्रौ वार्षिक साधारणसभाबाट श्री भरत बहादुर खत्री र श्री इन्द्रमणि त्रिताल सञ्चालकमा सर्बसाधारण सेयरधनीहरूको तर्फबाट निर्वाचित हुनु भएपछि कम्पनीमा संचालकहरूको संख्या ६ पुगेको छ । एक जना स्वतन्त्र संचालक नियुक्त हुन बाँकी छ ।

(६) संस्थागत सामाजिक उत्तरदायित्व

यस कम्पनीले नौगड गाढ जलविद्युत आयोजना निर्माणको क्रममा आयोजनामा प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावितहरूका लागि निभाउनु पर्ने सामाजिक उत्तरदायित्व निभाएको छ । आयोजनामा प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रमा सिंचाइका लागि कार्य गरेको छ । आयोजना क्षेत्रमा परेका जग्गा तथा वन क्षेत्रको उपयोगवापत त्यसको क्षतिपूर्तिस्वरूप नगद तथा जग्गा सट्टा भर्ना गरी वृक्षरोपण गरिसकेको छ । स्थानिय वासिन्दाहरूलाई संस्थापक सेयरमा लगानीको अवसर प्रदान गर्नुको साथै नौगड गाढ मन्दिर तथा देथला भगवती मन्दिर मर्मत संभार गरेको छ । परियोजनालाई आवश्यक पर्ने बाटाहरूको समेत मर्मत गर्नुको साथै चमेलिया नदीको तटमा शव दाह संस्कारका लागि आवश्यक मसानघाटसमेत निर्माण गरेको छ ।

(७) लाभांश

कम्पनीको आ.व २०७२/०७३ को नाफा तथा संचितीबाट सेयरधनीहरूलाई लाभांश बापत ५ प्रतिशत (कर अघि) लाभांश प्रदान गरिएको छ। यो लाभांश बोनस सेयरको रूपमा उपलब्ध गराइने छ।

(८) लेखा परीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७२/०७३ को आर्थिक विवरणहरू यहाँहरूलाई उपलब्ध गराइएको छ। लेखापरीक्षकको प्रतिवेदनमा कुनै कैफियत उल्लेख नभएको कुरा जानकारी गराउन चाहन्छु।

(९) संञ्चालक, प्रबन्ध संञ्चालक, कार्यकारी प्रमख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

यस आ.व. २०७२/०७३ मा कम्पनीका पदाधिकारीहरूले निम्नानुसार भत्ता तथा सुविधा प्राप्त गर्नुभएको थियो:-

१. संञ्चालक समितिको बैठक भत्तामा अध्यक्षलाई रु.४,५००/- र अन्य सञ्चालकलाई रु.४,०००/- प्रति बैठक
२. संञ्चालकहरूलाई यातायात तथा पत्रपत्रिका सुविधा प्रतिव्यक्ति रु. १०,०००/- (मासिक)
३. कार्यकारी संञ्चालकलाई मासिक तलब, भत्ता तथा सुविधा रु. १,५०,०००/- (मासिक)
४. कम्पनीका सञ्चालकहरूलाई कम्पनीको काममा यात्रा गर्नुपर्दा दैनिक तथा भ्रमण भत्ता दिने व्यवस्था रहेको छ।

(१०) लगानी

(क) अपि हाइड्रो मेकानिकल लिमिटेड

नेपालको जलविद्युत आयोजना विकासको वृहत संभावनालाई ध्यानमा राख्दै हेटौंडानजिक ज्यामिरे गाविसमा जलविद्युत आयोजनाको लागि चाहिने हाइड्रोमेकानिकल उपकरणहरू बनाउने कम्पनी रहेको छ। जलविद्युत आयोजना समयमा निर्माण सम्पन्न गर्न चाहिने फलामका सामानहरू (पेनस्टकपाईप, गेट, वाइफर्केट, ट्रासञ्चाक, वेलमाऊथ आदि) निर्माण गरी जडान गर्ने उद्देश्यले स्थापित 'अपि हाइड्रो मेकानिकल लिमिटेड' कम्पनीको बहुमत सेयर खरिद गरी कार्य गरिरहेको छ। यसले कम्पनीले निर्माण गर्ने आयोजनाको काम छिटो सम्पन्न गर्न सहयोग पुगेको छ। यस कम्पनीमा अपि पावर कम्पनीको रु. ७ करोडको लगानी रहेको छ। यो कम्पनी यसै आर्थिक वर्षदेखि नाफामा संचालन भइरहेको छ।

(ख) अरूण काबेली पावर लिमिटेड

नेपालमा जलश्रोतको उपयोग गरी देशमा जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन गरेर विद्युतको माग परिपूर्ति गर्ने हेतुले वि.स. २०६७ साल पुस २३ मा अरुण काबेली पावर लिमिटेडको स्थापना भएको हो। परियोजना विकास गर्ने क्रममा कम्पनीले मेची अञ्चलको पाँचथर र ताप्लेजुङ्ग जिल्लाको सिमाना भएर बहने काबेली नदीको पानी उपयोग गरी २५ मेगावाट क्षमताको काबेली बी-१ जलविद्युत परियोजना निर्माण कार्य गरिरहेको छ। यस कम्पनीमा अपि पावर कम्पनी लिमिटेडद्वारा रु. ५ करोड संस्थापक सेयरमा लगानी गरिएको छ। यस परियोजनाले आगामी वर्षदेखि लाभांश उपलब्ध गराउने छ।

कन्ट्रोल प्यानल

सर्ज ट्याङ्क

जेनेरेटर तथा टर्बाइन

नौगढ गाड आयोजनाको पावर हाउस

नौगढ गाड आयोजनाको इन्टेक

अपि हाइड्रोमेकानिकल प्राइभेट लिमिटेडको

हेटौडास्थित कारखाना

(११) धन्यवाद ज्ञापन

यस कम्पनीको संञ्चालन तथा यसले प्रवर्द्धन गरेका कम्पनीहरूमार्फत अगाडि बढाइएका आयाजनाहरूको निर्माण तथा विकासको लागि प्रत्यक्ष वा अपत्यक्ष रूपले सहयोग पुऱ्याउँदै आउनुभएका उर्जा मन्त्रालय, वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विद्युत विकास विभागलगायत नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरूलाई म धन्यवाद दिन चाहन्छु ।

सम्पन्न भइसकेका आयोजना, नयाँ आयोजना अध्ययन, निर्माण र संञ्चालन सम्बन्धी कार्यमा सहयोग र सद्भाव देखाउँदै आउनुभएका आयोजना वरपरका सम्पूर्ण स्थानीय वासिन्दाहरू र स्थानीय निकायका पदाधिकारीहरू एवं सरोकार समितिलाई पनि धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गर्नु हुने पत्रकार मित्रहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

आयोजनाको सफल कार्यान्वयन तथा सुचारु रूपले संञ्चालन गर्नका लागि प्रारम्भदेखि सहयोग पुऱ्याउने कम्पनीका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

Salient Features of

Upper Naugadh Hydropower Project (8MW)

Location	: Dhuligada and Shikhar VDCs, Darchula District
Type of Scheme	: Run-off-River
Design Discharge (Q40)	: 6.43 m3/s
Design Discharge from Naugarh Gad	: 5.54 m3/s
Design Discharge from Maune Khola	: 0.89 m3/s
Gross Head	: 163.44m
Net Head	: 144.00m Installed
Capacity	: 8 + MW
Annual Energy	: 49.10 GWh
Headrace Pipe Length	: 5150m
Headrace Pipe Size	: 1.70m to 1.65m Dia, 8mm to16mm thickness
Maune Khola Collection Pipe Length	: 1236m
Maune Khola Collection Pipe Size	: 0.70m to 0.80m Dia, 6mm to 8mm thickness
Penstock Pipe Length	: 233m
Penstock Pipe Size	: 16mm to 20mm thickness
Turbine Type	: Francis Turbine
No. of Units	: Two

Salient Features of

Upper Chameliya Hydropower Project (40MW)

Location	: Guljar, Tapoban and Latinath VDCs, Darchula
Type of Scheme	: Run-off-River
Design Discharge (Q40)	: 22.79m3/s
Gross Head	: 215m
Net Head	: 204.61m
Installed Capacity	: 40MW
Annual Energy	: 253.06 GWh
Headrace Pipe Length	: 5000m
Headrace Pipe Diameter	: 3.50m
Penstock Pipe Length	: 450m
Penstock Pipe Diameter	: 3.10m
Turbine Type	: Francis Turbine
No. of Units	: Two
Transmission Line Length	: 16km

G. Paudyal & Associates
Chartered Accountants

Email: ca.ghanashyam@gmail.com
Baneshwor, Kathmandu
Tel: 00977-1-4486784
ICAN Regd. No.:307
PAN: 602785567

अपि पावर कम्पनी लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले **अपि पावर कम्पनी लिमिटेड** को (यस पछि "कम्पनी" भनिएको) यसै साथ संलग्न आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) को वासलात सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण को लेखापरीक्षण गरेका छौं ।

आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी

